जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर


साप्ताहिक

वर्ष- १३, अङ्क- २१, २०८१ पुस १८ गते विहीबार, 2 Jan. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

जंगली जनावरको त्रास बढ्दो

गैंडाको आक्रमणबाट १ जना घाइते मान्छे र बाख्रा मार्ने बाघ नियन्त्रणमा





○ सहीखबर संवाददाता

मकवानपुर । वन्यजन्तुको आक्रमणको कारण मकवानपुर मनहरीका स्थानीयहरूलाई समय समयमा हैरानी पार्ने गरेको छ । पछिल्लो समय बाघले मानिसलाई आक्रमण गरी ज्यान लिएको ३ दिनपछी गैडाले समेत मानिसलाई आक्रमण गरेको छ ।

गैंडाको आक्रमणबाट १ जना घाइते भएका छन् । बाघको आक्रमणबाट १ जना महिलाको मृत्यु भएको थियो, भने ७ वटा बाख्रा पनि मारेको थियो । पश्चिमी मकवानपुरको मनहरी गाउँपालिका ६ स्थित लोथर खोला नजिक रहेको लामेदार मध्यवर्ती सामुदायिक वनमा जंगली जनावर गैंडाको आक्रमणमा परी ७० वर्षीया दिलमाया स्याङ्तान घाइते भएकी हुन् ।

वनमा घास काट्न तथा गोबर टिप्न गएकी स्याङ्तानलाई गैंडाले आक्रमण गरेको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार घाइते महिला चितवन जिल्लाा राप्ती नगरपालिका १, दुबिचौरकी हुन् ।

घाइते महिलाको हात, शरीर र निधारमा चोट लागेको छ । उनको स्वास्थ्य अवस्था मध्यम रहेको र थप उपचारका लागि भरतपुरतर्फ पठाइएको प्रहरीले जनाएको छ । घटनास्थल मकवानपुर र चितवनको सिमाना हो ।

यसैगरी मकवानपुरको मनहरी गाउँपालिका ५ बसन्तपुरमा मान्छे र बाख्रा मारी बाघलाई नियन्त्रणमा लिइएको छ । बाघलाई मनहरी बसन्तपुर स्थित सुकौरा खोलाबाट नियन्त्रणमा लिइएको हो ।

१४ पुसमा घाँस काट्न निस्केकी कान्छीमाया रूम्बाको उक्त बाघको आक्रमणबाट मृत्यु भएको थियो । यसैगरी सोही राती स्थानीय सुर्य बहादुर मोक्तानको ७ वटा बाख्रा समेत मारेको थियो । बाघ शिकार खोज्दै पुन:गाउँ फर्कने क्रममा डार्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पर्सा राष्ट्रीय निकुन्ज र चितवन राष्ट्रीय निकुन्जको टोली डार्ट गरेर बाघलाई नियन्त्रणमा लिएको हो ।

चितवन राष्ट्रिय निकुन्ज तथा पर्सा राष्ट्रिय निकुन्जका प्राविधिकहरू, नेपाली सेना, जनप्रतिनिधिसहितको टोलीले मरेको बाख्रा देखाएर बाघलाई आकर्षित गरी डार्ट गरेर नियन्त्रणमा लिएका हुन् । टाढैबाट गोली हाने जसरी बाघ वा अन्य वन्यजन्तुलाई सुईमार्फत बेहोस बनाउने औषधी लगाउने प्रक्रियालाई डार्ट गर्ने भनिन्छ ।

बाघ आउने सम्भावित बाटोमा बाघले मारेका बाख्रा राखिएकामा मंगलबार साँझ बाघ आएको थियो । बाख्रा खाने क्रममा उक्त टोलीले डार्ट गरेको मनहरी गाउँपालिका ५ नम्बर वडाध्यक्ष दिपेन्द्र अधिकारीले जानकारी दिए । बाख्रालाई घिसार्ने क्रममा डार्ट गरिएको र केही परमात्रै बाघ बेहोस अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । डार्ट गरिएपछि शिकार राखिएको वरपर ४ वटा हात्ती प्रयोग गरेर बाघको खोजी गरिएको थियो । बेहोस अवस्थाको बाघलाई पर्सा राष्ट्रिय निकुन्ज लगिएको प्रहरीले जनाएको छ ।

१४ वर्षमा ७० हजार जनाको आँखा सल्यक्रिया

मोतीबिन्दु अप्रेशनपछि ध्यान दिनुपर्ने कुराहरू ....

पेज ३ मा



○ सरिता दाहाल

मकवानपुर । बारा जिल्ला कलैया नगरपालिका वडा १५ का ८२ वर्षिय लुरित राउतको देब्रे आँखामा ५ वर्षदेखि दृष्टिबारे समस्या भयो । उमेरको कारण लाग्ने रोग होला भनेरै उनले उपचार गराएनन् । "सुरू सुरूमा आँखाले केही कम देखे जस्तो लागेको थियो, राम्रो होला भन्दाभन्दै एक्कासी आँखा बन्द जस्तै हुन थाल्यो" उनले भने "त्यसपछि उमेरभन्दा अरू केही खराबि हो कि लागेर शिविरमा जँचाउन आएँ ।" जचाँएपछि थाहा भयो आँखामा मोतीबिन्दु भैसकेको रहेछ । जसको उपचार सल्यक्रियको विकल्प केही थिएन ।

सर्लाही जिल्लाकी ८७ वर्षिया धनकुमारी चौधरीको पनि दाहिने आँखाले ९ वर्षदेखि दृष्टि गुमाएको थियो । आँखाको दृष्टि गुमेपछि आफ्नो संसार नै अन्धकार भएको, दैनिक आफ्नो स्वास्थ्य सरसफाइमा समेत समस्या भएको उनले पिडा स्मरण गरिन् । "अर्को आँखाले पनि धमिलो मात्रै देख्छ, नजिकै आइपुगेको मान्छे पनि चिन्दिन, अब दुबै आँखाले देखेपछि जीवन उज्यालो भैहाल्यो नि" उनले भनिन् ।

बारा जिल्ला भोडाहाका देवचन्द्रप्रसाद चौधरी पनि आँखाको सल्यक्रियपछि डाक्टरको सल्लाह लिँदै छन् । "अप्रेसन गरेको आँखालाई कसरी सुरक्षित राख्ने भनेर सोधैं," उनले भने "अब डाक्टरले भने झै गरेर अर्को हप्ता आउँछु, आँखा बिनाको पीडा भोगे, अब फेरी त्यो दिन भोग्न नपरोस् भन्नेछ ।" नातिनीको साथमा सामुदायिक आँखा अस्पताल हेटौंडामा भेटिएकी उनले आँखाको समस्या उपचारमा ढीलाइ नगर्ने सुझाइन ।

पुसको चिसोमा विहानीको कलिलो घामले थोरै थोरै न्यायो बनाउँदै छ,लुरित धनकुमारी, देवचन्द्रहरू शनिबार आँखाको अप्रेसनपछि अस्पतालको चौरमा घामको न्यानोपन ग्रहण गरिरहेका थिए । सँगै अबको उज्यालो भविष्य मनभरी सजाउँदै छन्। विगत अब ३ दिनदेखि अस्पतालमै रहेका उनीहरू शनिबार घर फर्कदै छन् । "डाक्टरले अब एकसातापछि बोलाउनु भएछ, औषधि पनि दिनुभएछ" लुरितले भने "अब आउँदा त दुबै आँखाले हेरेर आफैं हिड्न सक्छु होला ।"

३ बर्षदेखि मोतिबिन्दुको कारण आँखाको ज्योति गुमेपछि गाहिरो पिरमा परेका सर्लाहीका ४५ बर्षिय माने माझिलाई अहिले दोस्रो जन्म पाए जस्तै भएको छ । "यो जन्ममा मेरो संसार अन्धकार नै होला भन्ने सोच्या थें, अहिले म त फेरि जन्मे जस्तो भको छ" आँखाको सल्यक्रियापछि उनले भने "पट्टी नखोल्दै पनि मनभरी रहर जागेको छ एकदमै उत्साही छु।"

उनको एउटा आँखा दुई बर्ष अघि सल्यक्रिया गरिएको थियो,फेरि अर्कोको ज्योती गुम्यो, उपचार गर्ने आर्थिक अवस्था कमजोर भएकोले पनि अब यसै जीवन बित्छ भन्ने लागेको उनले सुनाए । "अघिल्लो पटक आँखाको अप्रेशन पछि पुरै देख्ने भएँ अहिले पनि यस्तै हुनेछ भन्ने लागेको छ" उनले सुनाए ।

उनीहरू मात्रै हैन यो ३ दिनको बिचमा सामुदायिक आँखा अस्पताल हेटौंडामा ३८० जनाले मोतीबिन्दुको उपचार गरिएको छ । उनीहरूको फरक सपना र फरक आशाहरू मनभरी छन्, उत्साह उस्तैउस्तै सुनिन्छन् ।

सामुदायिक आँखा अस्पताल हेटौंडाले सर्लाही, बारा र मकवानपुर को विभिन्न विकट स्थानमा ३ दिन शिविर सञ्चालन गरेपछि त्यहाँ आँखा जाँचको लागि आएका सेवाग्राहीहरू मध्येबार मोतीबिन्दुको सल्यक्रिया गर्ने पर्ने अवस्थामा ३८० जनालाई नि:शुल्क सेवा दिएको हो । जसमा १ हजार ५०० जनाले आँखा जाँच गराएका थिए। आँखा जाँच गराएका मध्ये झण्डै २६ प्रतिशतमा मोतिबिन्दु रहेको पाइएको थियो ।

अस्पतालले ३८० जना बिरामी र उनीहरूको कुरूवालाई समेत आवासीय (यातायता, खान, बस्न समेत) सुविधा दिएको अस्पतालका प्रशासकीय प्रमुख सुधिर श्रेष्ठले बताए ।

मोतीबिन्दु भएको बिरामीलाई सशुल्क उपचार गर्न पर्दा १० हजार खर्च लाग्ने तर शिविरबाट रिफर भएर आएका बिरामीलाई सबै शुल्क मिनाहा गरिएको प्रशासकीय प्रमुख श्रेष्ठले बताए । यसपटक क्युर ब्लाइनेश प्रोजेक्टको सहयोग यो शिविर गरिएको उनले बताए ।

हेटौंडा समुदायिक आँखा अस्पतालका संरक्षक सिद्धीलाल श्रेष्ठका अनुसार यस्तो शिविर बार्षिक ६ वटासम्म र आवश्यकता अनुसार यो भन्दा बढी नै गर्न गरिएको छ । तथा तिलगांगा आँखा अस्पतालका कार्यकारीणी सदस्य समेत रहेका सिद्धिलाल श्रेष्ठका अनुसार मकवानपुरको यो अस्पतालले वार्षिक ५ हजार जनाको आँखाको सल्यक्रिय गर्ने गरेको छ । स्थापनाकालदेखि हालसम्म ७० हजार जनाको आँखामा ज्योति फर्काउन सफल भएको श्रेष्ठले बताए ।

हालै सम्पन्न शिविरमा नेत्र अधिकृत, वरिष्ठ नेत्र अधिकृत, नेत्र सहायकलगायत ५ जनाको समूह परिचालित भएका थिए, भने अस्पतालमा आएका बिरामीहरूको सर्जन डाक्टरहरु सुनिल थकाली, मोहिनी श्रेष्ठ, आषिश जमरकट्टेलले सल्यक्रिया गरेका थिए ।

आँखाको सल्यक्रियपछिको आँखा स्याहार बारे सुझाव तथा पर्याप्त परामर्श दिने गरेको वरिष्ठ नेत्र रोग विशेषज्ञ आषिश जमरकट्टेलले बताए । "सल्यक्रियपछि आँखाको ज्योति फर्कने संभावना उमेर अनुसार र आँखाको क्षमता अनुसार फरक हुन्छ । ८० वर्षको मान्छेले ३० वर्षको उमेरको जस्तो ज्योति कल्पना गरेर त हुँदैन, उहाँको उमेर अनुसार र आँखाको क्षमता अनुसारको ज्योति मने फर्कन्छ" डाक्टर जमरकट्टेलले भने ।

आँखाको सल्यक्रियपछि धेरै सचेत हुनुपर्छ : सर्जन सुनिल थकाली

"आँखा शरिरको सबैभन्दा संवेदनशिल अंग हो । थोरै पनि लापर्वाही गर्नु घातक हुन सक्छ । भन्न सल्यक्रिया गरिएको आँखालाई विशेष हेरचाह आवश्यक हुन्छ । सबै रोगको समयमै उपचार अनिवार्य छ, आँखाको सवालमा पनि यहि हो, जति सचेत भएर उपचार, औषधि तथा फलोअपमा ख्याल गरियो समस्याबाट छुटकारा पाउन उति नै सहज हुन्छ, थप जटिलता आउँदैन ।

मोतीबिन्दु भएको आँखाको सल्यक्रियपछि समयमा ठिक मात्रामा औषधि राख्नु सबैभन्दा महत्वपूर्ण कुरा हो । आँखाको सरसफाइ गर्ने, आँखामा बल पर्ने गरी काम नगर्ने (जस्तै निहुरिएर काम नगर्ने, धुवाँ धुलोबाट ढाढा रहने), एक हप्तापछि फलोअपमा आउनु पर्छ, जसले गर्दा आँखाको अवस्था बारे जानकारी हुन्छ । यसरी सल्यक्रिय गरेको आँखामा ५ हप्तासम्म औषधि र ख्नुपर्छ । अहिले सल्यक्रिय गरेका बिरामीलाई सबै औषधि पनि निशुल्क उपलब्ध गराइएको छ । बाथ, सुगर जस्ता बिरामीलाई अलिबढी समस्या हुन्छ, यस्ता विशेष अवस्थाका बिरामीलाई हामीले विशेष हेरेर सोही अनुसारको सल्लाह दिएका छौं । जथाभावी औषधि प्रयोग गरेर दुख पाइन्छ ।"

घर जानु अघि यस्तो क्लास

आँखाको सल्यक्रिय गरेपछि बिरामीलाई अस्पतालले सिधैं घर पठाउँदैन । बिरामी र बिरामीको आफन्तलाई आँखाको हेरचाहबारे परामर्श कक्षमा राखेर सहजिकरण गरेर मात्रै घर पठाउँने गरिएको छ । उनीहरूलाई सामूहिक भेला गराएर एक सातासम्म आँखाको हेरचाह, सरसफाइ, औषधिको प्रयोग विधिबारे संभव भएसम्मको प्रयोगात्मक सिप सिकाएर पठाउने गरेको अस्पतालका अधिकृत तथा आउटरिच

बाँकी पेज ३ मा

२०८१ पुस १८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक :- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

चिसो मौसम र सुरक्षा

अहिले चिसो मौसमको समय छ । दिनहुँ चिसो बढ्दै छ । नेपालमा मुख्यतया मंसिर देखि माघसम्म चिसो मौसम रहन्छ । त्यसपछि क्रमश: चिसो हट्दै जानेछ । यो मौसममा तापक्रम निकै कम हुन्छ र हिमाली तथा उच्च हिमाली क्षेत्रमा शून्य डिग्री सेल्सियससम्म पुग्छ ।

चिसो मौसममा वातावरणमा परिवर्तन देखिन्छ । बाक्लो कुहिरो लाग्छ र शित पर्छ । चिसो हावा चल्छ ।तराईमा शितलहर सुरू हुन्छ । जनजीवज प्रभावित बनाउँछ चिसोले । स्थान अनुसार हिउँ पनि पर्छ । मानिसहरुले न्यानो कपडाहरु लगाउँछन् र घरभित्र बस्न रूचाउँछन् । यस समयमा चियाको चुस्की र तातो खानेकुराहरुको माग बढ्छ ।

चिसो मौसमका फाइदाहरु पनि छन् । यो समयमा किराफट्याङ्गाहरुको प्रकोप कम हुन्छ, कृषि उत्पादनका लागि माटो उर्वर बन्छ र हिमाली क्षेत्रमा पर्यटकहरुको आगमन बढ्छ । साथै चिसो मौसमले प्रकृतिलाई नयाँ रुप दिन्छ र मानिसहरुलाई नयाँ अनुभव प्रदान गर्छ ।

चिसो मौसमले स्वास्थ्यमा प्रभाव पार्छ । रूघाखोकी, ज्वरो र छालासम्बन्धी समस्याहरु बढ्न सक्छन् । विशेषगरी वृद्धवृद्धा र बालबालिकाहरुलाई यो मौसम चुनौतीपूर्ण हुन्छ । बालबालिकामा रूघाखोकी र ज्वरो आउनाले निमोनियाको जोखिम बढ्छ ।श्वासप्रश्वास सम्बन्धी समस्या बढ्न सक्छ । भिटामिन डी को कमी हुन सक्छ । वृद्धवृद्धामा जोनी दुख्ने र बाथ रोग बढ्ने, रक्तचाप असन्तुलन हुन सक्ने, मुटु सम्बन्धी समस्याहरु बढ्न सक्ने,रूघाखोकी र श्वासप्रश्वास सम्बन्धी समस्या देखिन सक्छ ।

त्यसैले यस समयमा विशेष सावधानी अपनाउनु पर्छ । न्यानो कपडा लगाउने, तातो र पोषिलो खानेकुरा खाने, शरीरलाई सक्रिय राख्ने, घरभित्रको तापक्रम उपयुक्त राख्ने, पर्याप्त पानी पिउने, घर बाहिर अनावश्यक रूपमा ननिस्कने लगायत गर्न सकिन्छ । चिसो प्रकृतिको एक महत्त्वपूर्ण चक्र हो । चिसोको समयमा उचित सावधानी अपनाउदैं सचेत रहन जरूरी छ ।

कृत्रिम बौद्धिकता (एआई) को प्रयोगद्वारा जीवनको खोज



डा परशुराम दाहाल

एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धानमा मात्र नभई जीवनस्तर सुधार्नका लागि पनि महत्वपूर्ण योगदान गर्न सक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ ।

नासाले १४ अक्टोबर २०२४ मा जुपिटर (वृहस्पति) ग्रहको चन्द्रमा युरोपाको अध्ययन गर्न प्रक्षेपण गरेको युरोपा क्लिपर मिसन विज्ञान र प्रविधिको क्षेत्रमा माइलस्टोन बनेको छ । युरोपा क्लिपर जुपिटरको चन्द्रमा युरोपाको विस्तृत अध्ययन गर्न डिजाइन गरिएको पहिलो मिसन हो । वैज्ञानिक प्रमाणहरूका अनुसार अहिले पनि जीवनका लागि आवश्यक तत्वहरू युरोपामा हुन सक्छन् । यो अन्तरिक्ष यान छ वर्षपछि, अप्रिल २०३० मा १.८ अर्ब माइल (२.९ अर्ब किलोमिटर) यात्रा गरेर जुपिटरमा पुग्नेछ । त्यहाँ पुगेपछि, यो जुपिटरको परिक्रमा गर्दै युरोपाको ४९ पटक नजिकबाट उडान गरेर अध्ययन गर्नेछ ।

यस मिसनमा कृत्रिम बैद्धिकता (एआई) र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर जीवनको सम्भावना खोज्ने लक्ष्य राखिएको छ । एआई भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ ।

वैज्ञानिकहरूले यो मिसन केवल पृथ्वीबाहेक जीवनको खोजीको लागि मात्र नभई, भविष्यमा अन्य ग्रह र चन्द्रमाहरूमा अन्वेषण गर्ने योजनाहरूको मार्गप्रशस्त गर्ने विश्वास गरेका छन् । नासाको युरोपा क्लिपर मिसनको कुल अनुमानित लागत लगभग ५.२ अर्ब डलर रहेको छ । यसमा मिसनको विकासदेखि २०३० मा जुपिटरमा पुगेर चार वर्षसम्म सञ्चालन गर्ने सम्पूर्ण खर्च समावेश छ । मिसन अत्यन्त जटिल भएकाले, डिजाइन र विकिरण जस्ता चुनौतीका कारण बजेट बढ्दै गएको हो । यो नासाका सबैभन्दा महँगो ग्रह विज्ञान परियोजनाहरू मध्ये एक मानिन्छ ।

युरोपा क्लिपर मिसनमा १,००० भन्दा बढी वैज्ञानिक र इन्जिनियरहरू संलग्न थिए, जसमा एआई र ग्रह अनुसन्धानका विशेषज्ञहरू पनि समावेश थिए । यो मिसनको तयारी २०१५ मा औपचारिक रूपमा सुरु गरिएको थियो र नौ वर्षको मेहनतपछि १४ अक्टोबर २०२४ मा सफलतापूर्वक प्रक्षेपण गरियो । यस अवधिमा वैज्ञानिक टोलीले जटिल उपकरणहरू निर्माण र परीक्षण गर्दै, जुपिटरतर्फको यात्रा योजना र मार्गको विस्तृत तयारी गरे । मिसनले एआई प्रविधि प्रयोग गरेर डेटा प्रशोधन र नेभिगेसनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ, जसले जुपिटरको खतरनाक विकिरणबाट सुरक्षित उडान सुनिश्चित गर्छ ।

युरोपा क्लिपर अन्तरिक्षयानले हाइड्राजिन(आधारित इन्धन प्रयोग गर्छ । हाइड्राजिन अन्तरिक्षयात्राका लागि विश्वसनीय इन्धन हो, विशेषगरी गहिरो अन्तरिक्षमा यानको मार्ग परिवर्तन र नियन्त्रणका लागि । यो मिसनका लागि लगभग छ हजार पाउन्ड (दुई हजार ७५) किलोग्राम) इन्धन यानका ट्याङ्कहरूमा भण्डार ण गरिएको छ, जसमा हिलियम प्रेसरन्ट पनि छ, जसले इन्धन प्रवाहलाई व्यवस्थापन गर्नेछ । यस इन्धनको मद्दतले युरोपा क्लिपरले मङ्गल र पृथ्वीबाट गुरुत्वीय सहायता लिंदै, जुपिटरको कक्षसम्मको यात्रा पूरा गर्नेछ । हाइड्राजिन थ्रस्टरहरूले मार्ग सुधार र मिसनका दौरान वैज्ञानिक उपकरणहरूको सही दिशामा नियन्त्रण गर्न मद्दत गर्नेछन् ।

युरोपा क्लिपर मिसनको एउटा प्रमुख लक्ष्य युरोपामा जीवनको सम्भावना खोज्नु हो । युरोपा, जुपिटरको मुख्य चन्द्रमाहरू मध्ये एक, सतहमुनि लुकेको नुनिलो महासागरले ढाकिएको छ । वैज्ञानिकहरूले यो महासागरमा पृथ्वीभन्दा बढी पानी रहेको अनुमान गरेका छन् । वैज्ञानिकहरूले जुपिटरको यस चन्द्रमामा बरफमुनि रहेको महासागरमा जीवनका लागि आवश्यक तत्वहरू (पानी, रासायनिक यौगिकहरू र ऊर्जा स्रोत) मौजुद हुनसक्ने अनुमान गरेका छन् ।

यो मिसनको उद्देश्य युरोपाको वातावरण अध्ययन गरी हाम्रो ब्रह्माण्डमा हामी एक्लै छौं कि छैनौं भन्ने प्रश्नको जवाफ खोज्नु पनि हो । यदि जीवनको लागि अनुकूल अवस्था फेला परेमा, यसले पृथ्वीबाहेक अन्य ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना पुष्टि गर्न मार्ग प्रशस्त गर्नेछ । यो मिसनले मानव सभ्यताले ब्रह्माण्डमा आफ्नो स्थान र जीवनको अर्थबारेको बुझाइमा परिवर्तन ल्याउने आशा गरिएको छ ।

यस मिसनको मुख्य उपकरणहरूमा आइस-पेनेट्रेटिङ राडार, थर्मल इमेजिङ प्रणाली, र अल्ट्राभायोलेट स्पेक्ट्रोस्कोप समावेश छन् । यानले युरोपाको सतहमुनि लुकेको पानी र पानीका फोहोराहरूको खोजी गर्दै जीवनको संकेत अध्ययन गर्नेछ । एआई प्रणालीहरूले सतहका तस्वीरहरू र अन्य वैज्ञानिक डेटा विश्लेषण गरी महत्त्वपूर्ण सूचनाहरू छान्ने र स्वचालित रूपमा मिसनको मार्गदर्शन गर्नेछ ।

सौर्य ऊर्जा प्रयोग गर्ने यो यानमा १०० फिट लामो सोलार प्यानल जडान गरिएको छ, जसले जुपिटरको कमजोर घामबाट पनि पर्याप्त ऊर्जा संकलन गर्न मद्दत गर्नेछ । रेडिएसन-प्रतिरोधी प्रविधिको प्रयोग गरेर, यानका उपकरणहरूलाई जुपिटरको विकिरणबाट सुरक्षित राखिनेछ ।

एआई प्रणालीहरूले मिसनमा संकलन गरिएको डेटा पृथ्वीमा पठाउनु अघि प्राथमिकता निर्धारण र संकुचन गर्नेछन्, जसले अनावश्यक जानकारी हटाएर वैज्ञानिकहरूले तुरुन्तै उपयोग गर्न मिल्ने महत्वपूर्ण तथ्यहरू फेला पार्न सकुन् । यस प्रकारको कुशलता मानव अनुगमनबिना पनि अन्तरिक्षमा अनुसन्धान गर्न सक्षम हुनेछ ।

यो मिसनले भविष्यमा पृथ्वीबाहेकका ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना खोज्न थप प्रेरणा दिनेछ । यदि युरोपामा जीवन पत्ता लाग्यो भने यो केवल विज्ञानको विजय नभई सम्पूर्ण मानव जातिका लागि ऐतिहासिक उपलब्धि हुनेछ । एआई र अन्तरिक्ष प्रविधिको यस्तो प्रयोगले अन्तरिक्ष अन्वेषणको क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउनेछ ।

नेपालजस्तो देशका लागि, यस्तो एआई प्रविधि केवल प्रेरणाको स्रोत मात्र नभई देशको प्राविधिक विकासका लागि दिशानिर्देशक पनि हो । यो प्रविधि दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवा पुरऱ्याउन, ग्रामीण क्षेत्रमा कृषिको उत्पादनशक्ति बढाउन र विपद् व्यवस्थापनका लागि भविष्यवाणी प्रणाली निर्माण गर्न प्रयोग गर्न सकिन्छ ।

एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धानमा मात्र नभई जीवनस्तर सुधार्नका लागि पनि महत्वपूर्ण योगदान गर्न सक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुरऱ्याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ ।

युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ । नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन् । एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पुऱ्याउनेछ । यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पुऱ्याउनेछ ।

युरोपा क्लिपर मिसन नासाको मात्र नभई सम्पूर्ण मानवताको अन्तरिक्ष यात्रामा एक महत्वपूर्ण कोसेढुंगा बन्नेछ । यो मिसनले विज्ञान र प्रविधिमा नयाँ क्रान्ति ल्याउँदै भविष्यका अन्तरिक्ष अन्वेषणहरूलाई प्रेरित गर्नेछ, जसले हामीलाई 'हामी एक्ला छौं कि छैनौं ?' भन्ने प्रश्नको उत्तर खोज्न थप नजिक पुऱ्याउनेछ ।

घटना र विचारबाट साभार गरिएको

सहीखबर
विचार/फिचर
www.saheekhabar.com
२०८१ पुस १८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

बालबालिकामा साइबर सुरक्षाको चुनौती

मकवानपुर । मोबाइल, ल्यापटप जस्ता विद्यूतीय सामग्रीको प्रयोग गरी पढ्ने, अनुसन्धान गर्ने बालबालिकाहरू कतै अपराधिक गतिगिविधिको दलदलमा पो फसेका छन् कि ?

विचार गर्नु भएको छ ? उनीहरू कस्ता विद्युतिय साइडको पहूचमा छन्, यसको ख्याल गर्नु भएको छ ? जान अन्जान रूपमा बालबालिकाहरू साइबर अपराध जस्तो जटील समस्यामा फसेका हुन सक्छन् । धेरैजसो घटनामा बालबालिकाहरू साइबर अपराधमा फसेको बारे अभिभावकहरू भयावह अवस्था नआइपगिज्जेल बेखर रहने गरेका छन् ।

त्यस्ता समस्यामा फसेका भए त्यहूबाट छुट्कारा दिलाउन र फस्नै नदिनको लागि अभिभावकहरू सबैभन्दा सचेत हुनुपर्छ । विद्यालय, सामाजिक संघसंस्थाहरू, स्थानीय सरकारहरूले विषेश भूमिका निर्वाह गर्नु पर्ने छ । साथीहरूको लहैलहैमा लागेर वा विभिन्न आभाव दबाबमा परेर बालबालिकाहरू कुनै पनि समयमा साइबार अपराधको चङ्गुलमा पर्न सक्छन् ।

नेपाल सरकार साइबर कसुर सम्बन्धी कानूनको प्रभाव मुल्याङ्कन अनुसन्धान अध्ययन प्रतिवेदन २०८१ अनुसार अपराधिका गतिविधिमा सबैभन्दा बढी प्रयोग हुने सामाजिक सञ्जाल फेसबुक रहेका देखिएको छ । जसमा कुल दर्ता भएका मुद्दा मध्ये ८३ प्रतिशत रहेका छन् । यसबाहेक हाल प्रयोगमा आएका टुइटर (एक्स), इस्न्द्रग्रामलगायतको प्रयोग पनि उल्लेख्य हुने गरेको देखिएको छ ।

फेस बुकको प्रयोगबाट मात्रै अपारधिक गतिविधि गर्नेहरूमा ७४ प्रतिशत पीडित तथा पीडकहरू चिनजानकै व्यक्ति हुने गरेका छन् । चिनजानको व्यक्तिले केही अपारधिक गतिविधिमा सहभागी नगराउला भनेर ढुक्क हुने अवस्था समेत नभएको अधिवक्ता सुखदेब सापकोटा बताउँछन् ।

"बालबालिकाहरूलाई समान्य व्यवहार गर्दै गर्दै फसाउने र विभिन्न धम्की दिएर पैसा असुल्नेदेखि यौन दुर्व्यवहार गर्नेसम्मको गतिविधि हुने गरेको पाइन्छ" सापकोटा भन्छन् "विभिन्न गतिविधि गर्दैगर्दै अन्ततः कसुरको उदेश्य यौन दुर्व्यवहार नै हुने गरेको छ।" यसरी बालबालिकाहरूलाई साईबर अपाराध मार्फत यौन दुर्व्यवहार गर्नेहरूमा ५३ प्रतिशत रहेको उनले बताए ।

उनीहरूमध्ये ५३ प्रतिशतले नै फेक आइडी बनाएर बालबालिकाहरूलाई फसाउने गरेको पाइन्छ । यसरी बालबालिकाहरूलाइ फसाउनेहरूमा ३३ प्रतिशत त विद्यार्थीहरू नै हुने गरेका छन् । यसैगरी ६३ प्रतिशत व्यक्तिहरू रोजगार र हेर्दा निष्ठावान जस्तो देखिने व्यक्ति नै हुने गरेका छन् । १५ प्रतिशत व्यक्तिहरू भने बेरोगार रहेको तथ्याङकले देखाएको छ ।

कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र सेलर्डले हेटौंडामा आयोजना गरेको कार्यक्रममा यस्तो तथ्याङक सार्वजनिक गरिएको हो । कार्यक्रममा अधिवक्ता सापकोटाले विद्युतीय सञ्जालमा बाल सुरक्षा, चुनौति बारे प्रस्तुति गर्नु भएको थियो । साइबर कसुरको नियन्त्रण र सम्बोधनका लागि भएका प्रयास बारे अधिवक्ता सुखदेव सापकोटाले सहजिकरण गर्नुभएको थियो ।

नेपाल सरकारले मिति २०६४ चैत २४ को राजपत्रमा सूचना प्रकाशित गरी विद्युतीय कसुरसँग सम्बन्धित मुद्दा हेर्ने क्षेत्राधिकार काठमाण्डौं जिल्ला अदालतलाई तोकिएकोमा मिति २०८० असार ११ देखि यो अधिकार देशको ७७ वटै जिल्ला अदालतलाई हेर्ने गरी व्यवस्था मिलाएको छ ।

विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० मा न्यायाधिकरण गठन गर्ने व्यवस्था र दफा ६७ मा पुनरावेदन न्यायाधिकरण गठन गर्ने व्यवस्था भएपनि हालसम्म गठन हुन नसकेको कारण मुद्दा हेर्न मने समस्या भएको सरोकारवालाहरू बताउँछन् ।

प्रहरी प्रधान कार्यालयमा सन् २०१४ देखि डिजिटल फरेन्सी ल्याबको स्थापना गरी प्रयोगमा ल्याएको अहिले सबै जिल्लाबाट साइवर अपराधको मुद्दाहरू हेर्ने गरिएको भएपनि सबै जिल्लाहरूमा यस्तो ल्याब छैन ।

नेपालमा बालबालिका विरूद्व अत्यधिक रूपमा भइरहेको साइबर अपराधका प्रकृति दिनदिनै बदिलदों रहेको छ । अश्लिल फोटो पठाउन दवाव दिने, पीडितले पठाएको अश्लिल फोटो तथा भिडियो सामाजिक संजालमा शेयर गरिदिन्छु भनेर धम्क्याएर पैसा असुल्ने, पीडितले पठाएको अश्लिल फोटो तथा भिडियो ग्रुपमा शेयर गरिदिने, पोर्न वेबसाइटमा अपलोड गरिदिने, पीडितको मेसेन्जरमा अश्लिल म्यासेज, अफ लाइनमा गरेको यौन हिंसा तथा शोषणका घटनाको फोटो वा भिडियो खिचेर अनलाइनमा ल्याउने धम्की दिने वा अपलोड गरि दिने जस्ता प्रवृत्ति बढेका छन् ।

यसैगरी पीडितको अनुहारलाई नाङ्गो फोटोसँग जोडी अनलाइनमा ल्याउने धम्की दिने वा अपलोड गरिदिने, फोटो पठाउने, धम्क्याउने, डर त्रास देखाउने, पीडितको सामाजिक संजालको पासवर्ड परिवर्तन गरेर या ह्याक गरेर जथाभावी कुरा वा पोष्ट गरिदिने जस्ता कृयाकलाप गरेर अपराधजन्य गतिविधि गर्ने गरिएको बालअधकारकर्मीहरू बताउँछन् ।

नेपालमा साइबर ब्युरोबारे अपराधिक गतिविधि गरेमा नियन्त्रणका लागि विभिन्न कानुनी र नीतिगत व्यवस्था गरिएको छ । विद्युतीय कारोबार ऐन, २०६३, मुलुकी अपराध सहिता, २०७४, प्रस्तावित सूचना प्रविधि विधेयक, २०७५, वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २००७५, विद्युतीय कारोबार नियमावली, २०६४, साइबर सुरक्षा नियमावली, २०७७, सुरक्षा प्रविधि आकस्मिक सहायता समूह (सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५, अनलाइन बाल सुरक्षा निर्देशिका, २००६, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० लागु छ ।

सेलर्डले आयाजना गरेको कार्यक्रममा यस्तो आपराधिक गतिविधिबाट बच्च आफ्नो आइ डी सुरक्षित राख्ने, चिनजान भएको व्यक्तिसंग पनि दुरी कायम राखेर बोलचाल गर्ने, शंकाष्पद कुराकानी गर्न खोजेमा वा त्यस्तो म्यासेज गरेमा त्यसको स्कृन सर्ट सुरक्षित राखेर प्रहरीमा उजुरी गर्ने र प्रहरीलाई अनुसन्धानमा सघाउ गर्ने, बालबालिकाहरूको नियमित गतिविधिमा केही फरकपन देखिएरमा निगरानी गर्ने गर्नुपर्ने सिविन बाल हेल्प लाइन मकवानपुरमा प्रबन्धक भविन्द्र ज्ञावली बताउछन् ।

उनीहरूलाई डर त्रासमा परेर आफ्नो स्वार्थ पुरा गर्न खोज्ने समूहबाट बचाउन परिवारको साथ सबैभन्दा बलियो हुने काठमाण्डौ स्कुल अफ ल का प्राध्यापक तथा सेलर्डका कोषाध्यक्ष कपिल अर्याल बताउँछन् ।

साइबर अपराध के हो ?

साइबर अपराध भनेको कम्प्युटर वा इन्टर नेटको प्रयोग गरेर गरिने अपराध हो। यसमा ह्याकिङ, फिसिङ, अनलाइन ठगी, र व्यक्तिगत जानकारी चोरी जस्ता धेरै प्रकारका अपराध पर्दछन्। पछिल्लो समय यसबाट बालबलिकाहरू बढी जोखिममा पर्ने गरेका छन् । पैसा कमाउने (बैंक खाता ह्याक गरेर पैसा चोर्न, वा क्रेडिट कार्डको जानकारी चोरेर खर्च गर्न) जस्ता काम बढी हुने गरेका छन् । यसैगरी व्यक्तिगत बदला लिन कहिलेकाही व्यक्तिगत रिसिइबीका कारण पनि साइबर अपराध गरिन्छ। यसले सरकारी वा निजी संस्थाहरुलाई हानि पुर्याउने गरेको छ ।

कसरी बच्ने ?

मजबुत पासवर्ड बनाउने आफ्नो खाताहरुमा जटिल र फरक फरक पासवर्ड प्रयोग गर्ने, सावधान भएर लिंक र फाइल खोल्ने, अज्ञात व्यक्तिबाट आएका लिंक वा फाइल खोल्नु अघि राम्रोसँग सोच्ने, गर्नुपर्छ ।

यसैगरी अपडेटेड एन्टिभाइरस सफ्टवेयर प्रयोग गर्ने, आफ्नो कम्प्युटर वा मोबाइलमा सधै अपडेटेड एन्टिभाइरस सफ्टवेयर राख्ने, सार्वजनिक वाइफाइको प्रयोगबाट जोगिने, सकेसम्म सार्वजनिक ठाउमा रहेको वाइफाइ प्रयोग नगर्ने, बैंकिंग जानकारी सुरक्षित राख्ने, आफ्नो बैंक खाताको जानकारी कसैसँग सेयर नगर्ने गर्नुपर्छ ।

१४ वर्षमा ७० हजार जनाको आँखा

विभाग संयोजक सुशील कुमार सिंले बताए ।

उनीहरूलाई अस्पतालबाट सल्यक्रिय गरेर घर फर्कनु अघि एक सातासम्म आँखाको उपचार कसरी गर्ने भन्नेबारेमा कक्षा लिएर सहजिकरण गराएर मात्रै पठाउने गरेका छन् । "यति गर्दा पनि केही कैहीले ध्यान नदिनु हुने र समस्या हुने गरेको छ" उनले भने ।



मोतीबिन्दु अप्रेशन गरिसकेपछि ध्यान दिनुपर्ने कुराहरू

१. मोतीबिन्दुको अप्रेशन गरेको १(३ घण्टासम्म आराम गरी सकेपछि बिरामी घर नजिकै भएमा फर्कन मिल्छ ।

२. बिरामीले अप्रेशन गरेको दिन घरमा आराम गर्दा वा सुत्दा उत्तानो परी सुत्नु पर्छ । यदि कोल्टे परी सुत्नु परेमा अप्रेशन नगरेको आँखा पट्टी कोल्टे परेर सुत्नु पर्छ । बिरामीले सामान्य हलचल गर्नु हुन्छ । अप्रेशन गरेको आँखामा लगाएको पट्टी सो दिन खोल्नु हुँदैन ।

३. अप्रेशन भएको दिन हल्का र नरम खाना खानु पर्छ । भोलीपल्टदेखि सामान्य खाना खानु भए हुन्छ ।

४. अप्रेशन गरेको भोलीपल्ट वा बोलाएको समयमा आँखा अस्पतालमा आउनु पर्दछ ।

सोही दिनदेखि डाक्टरले लेखि दिएको औषधी सिकाए अनुसार लगाउनु र खाने औषधी भएमा खानु पनि पर्दछ । त्यस पछि कति दिनपछि फेरी आउने हो सो कुरा बुझेर मात्रै घर जानु पर्दछ ।

५. अप्रेशन गरेको आँखा ७ दिनसम्म छोप्न दिएको आइशिल्ड औषधी लगाउन मात्र खोल्ने र फेरी बन्द गरि दिनु पर्दछ । त्यसपछि घाममा वा बाहिर तिर जाँदा धुवाँ, धूलो आदिबाट बच्न कालो चश्मा लगाएर जान सक्नु हुनेछ । दिउँसो चश्मा लगाएपनि राति सुत्ने बेलामा आइशिल्ड लगाएर सुत्नु पर्दछ ।

६. अप्रेशन गरेको ७ दिनसम्म नुहाउनु र आँखामा पानी पर्न दिनु हुँदैन । आँखा सफा गर्नको लागि सफा पानीमा कपास र आइशिल्ड छुट्टाछुट्टै उमाल्नु पर्दछ र साबुन पानीले हात राम्ररी धोएर उमालेको कपासलाई हलुका निचोरेर आँखा हल्कासँग सफा गर्नुपर्दछ ।

७. रूघा, खोकी वा ज्वरो आएमा त्यसको तुरून्त उपचार गर्नुपर्दछ ।

८. अप्रेशन गरेको ६ हप्तापछी सामान्य पावरको चश्मा लगाउनु पर्ने हुन्छ । नजीकको मसिनो वस्तु हेर्न (जस्तै: पत्रपत्रीका पढ्न, सियोमा धागो छिराउन) को लागि भने अनिवार्य चश्मा लगाउनु पर्ने हुन्छ ।

९. नयाँ औषधी खोल्नु पर्दा बिर्को बेस्सरी घुमाएर कस्नु पर्दछ, त्यसपछी बिर्को मित्र भएको तिखो भागले औषधी आफैं खुल्दछ । कुनै पनि तिखो काँडा, सियो आदिले औषधी खोल्नु हुँदैन । औषधी लगाउँदा औषधीको टुप्पोलाई हातले छुनु हुँदैन र औषधी दुध जस्तो सेतो भएमा लगाउनु भन्दा पहिले औषधीको बट्टा हल्लाउनु पर्दछ ।

१०. आँखामा औषधी राख्दा तल्लो ढकनी तानेर आँखा भित्र पर्ने गरी हाल्नुपर्दछ ।

११. अप्रेशन गरेको आँखा मिच्ने गर्नु हुँदैन र डाक्टर ले लेखि दिएको औषधी बाहेक अन्य कुनै पनि औषधी सो आँखामा लगाउनु हुँदैन ।

१२. खानेकुरा केही पनि बन्देज गर्नुपर्दैन तर धुम्रपान र मद्यपान सेवन गर्नु हुँदैन ।

१३. डाक्टरको सल्लाह अनुसार ठीक(ठीक समयमा आँखा जचाउन आउनु पर्दछ । अप्रेशन गरेको आँखामा अलिकति आँसु आउने, बिझाउने, रातो हुने सामान्य हो तर आँखा साह्रै दुखेमा, रातोपना बढेमा, कचेरा पर्न थालेमा र दृष्टि कम भएमा भने तुरून्त यस अस्पतालमा सम्पर्क राख्नु पर्दछ ।

१४. डाक्टरको सल्लाह बाहेकका आँखामा बल पर्ने कुनै पनि काम (जस्तै: व्यायम, योगासन, गह्रौ कामहरू) गर्नु हुँदैन ।

१५. व्यक्तिगत सरसफाईमा ध्यान दिनु पर्दछ। (जस्तै: दिसा पिसाब गरेपछि हात साबुन पानीले धुने, नङ छोटो राख्ने, सफा बिछ्यौनामा सुत्ने ।)

१६. आँखा रातो भएको मानिसको छेउमा नजानु उचित हुन्छ ।

१७. अप्रेशन पछि आँखामा नपर्ने गरी कुनै पनि तेल ठाउकोमा नथप्थपाई लगाउन सकिन्छ ।

२०८१ पुस १८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

मकवानपुरमा तमु ल्होसार मनाइयो



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरमा बसोबास गर्ने गुरुङ समुदायले तमु ल्होसार मनाएका छन् । सोमवार हेटौंडा ११ स्थित सहिद स्मारकमा शुभकामना आदान-प्रदानसँगै नाचगान गरेर तमु अर्थात् गुरुङ समुदायको नयाँ वर्ष ल्होसार मनाएका हुन् ।

तमु हृयुल छोंज धि (गुरुङ राष्ट्रिय परिषद्) मकवानपुरले आयोजना गरेको कार्यक्रममा सहभागीहरुले तमु ल्होसारसहित जनजातिको विशेष पर्वहरुको संरक्षण र प्रवर्द्धनका लागि तीनै तहको सरकारले विशेष ध्यान दिनुपर्ने बताए । हेटौंडा उपमहानगर पालिका ३ नम्बर वडाध्यक्ष ढलक बहादुर थापाले सस्कृती जोगाउन यस्ता पर्वहरुले महत्व दिने बताए । उनले भने 'आफ्नो भाषा, संस्कृतिसँगै ल्होसार जस्ता पर्वको मौलिकता जोगाउन आदिवासी जनजाति गम्भीर हुनुपर्ने बेला भएको छ ।'

त्यसैगरी, गुरुङ राष्ट्रिय परिषदका केन्द्रीय सदस्य जंगबहादुर गुरुङले गणतान्त्रिक नेपालमा ल्होसारमा सार्वजनिक बिदा दिनु सकारात्मक भएपनि मौलिक संस्कृति संरक्षण गर्न सरकारले बजेट विनियोजन गरी योजना बनाउनु पर्ने बताए ।

मकवानपुर जिल्लामा बजेट विनियोजन गर्ने क्रममा आदिवासी जनजातिलाई अन्याय भएको समेत उनको भनाइ थियो । उनले मकवानपुर जिल्लामा गुरुङ समुदाय सातौं स्थानमा रहेका बताए । 'मकवानपुरमा मात्रै १५ सय १८ जना गुरुङ समुदायको बसोबास रहेको छ' उनले भने । गुरुङले आफ्नो सस्कृती जोगाउन सबै गुरुङ समुदाय एकजुट भएर लाग्न पनि आग्रह गरे ।

'बागमती प्रदेश सरकारले तामाङ भाषा र नेवार भाषालाई सर कारी कामकाजी भाषाको रुपमा ल्याइएको छ । त्यसैगरि गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजीकि रुपमा अघि सारेको छ' उनले भने, 'यसैगरि सरकारले आदिवासी जनजातीको हितमा काम गर्दा सस्कृतीको जगेर्ना हुने देखिन्छ ।'

कार्यक्रममा गुरुङ समुदायबाट विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरिएको छ । सम्मानित हुनेमा नेपाल पत्रकार महासघ मकवानपुर का नव निर्वाचित कार्यसमिति सदस्य निशा गुरुङसहित ६ जना रहेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाई कार्यालय मकवानपुरमा कार्यर त शाखा अधिकृत संगिता गुरूङ, त्रिभुवन विश्वविद्यालयबाट मानवशास्त्र विषयको दर्शनाचार्य परीक्षामा सर्वोत्तम श्रेणीमा उतिर्ण मकवानपुर तमु समुदायबाट पहिलो व्यक्ती मनिराज गुरूङ, 'फिजियोथेरापी करियर पथझ का लेखिका रती कुमारी गुरुङ, मेडिकल व्यवसायी राजु गुरुङ , भु तथा जलाधार व्यस्थापन कार्यालय मकवानपुरका कार्यालय प्रमुख सृजना गुरुङलाई कार्यक्रममा सम्मानित गरिएको थियो ।

यस्तै कार्यक्रममा स्वर्गीय माधव गुरुङको नाममा स्थापित माधव गुरुङ अक्षयकोष-२०७५ बाट प्रदान गरिने छात्रवृत्तिमा मनहरी गाउँपालिका-८ की करिष्मा गुरुङ, थाहानगरपालिका-५ का सुदीप गुरुङ, थाहानगरपालिका-५ कै प्रेरणा गुरुङ, कैलाश गाउँपालिका-१ की विनुता गुरुङ र कैलाश-१ कै विना गुरुङलाई नगद ८ हजार ५ सय सहित छात्रवृत्ति प्रदान गरिएको थियो ।

गुरुङ राष्ट्रिय परिषद् मकवानपुरका अध्यक्ष केशर बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङ मकवापुरका अध्यक्ष कालु घलान, किरात राई यायोक्ख्या मकवानपुर का अध्यक्ष केबी राई, नेपाल मगर संघ मकवानपुर अध्यक्ष सन्देश मगर, थारू कल्याणकारिणी सभा मकवानपुरका अध्यक्ष संचता नन्द थारू, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गुरुङ पहिरनमा सजिएका गुरुङ युवायुवती, बालबालिकाहरुले गुरुङ साँस्कृतिक नाँच-गाँन प्रस्तुत गरेका थिए । मकवानपुरमा २०५५ सालबाट गुरुङ समुदायले सामुहिक रुपमा तमू ल्होसार मनाउँदै आएका छन् ।

बागमती प्रदेश लिगमा दोलखा टाइगर फाइनल प्रवेश

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा जारी बागमती प्रदेश लिग फुटबल प्रतियोगिता अन्तर्गत बुधबारको सेमिफाइनल खेलबाट दोलखा टाइगर टिम तिखाताल फाइनल प्रवेश गरेको छ ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा जारी दोस्रो संस्करणको प्रदेश लिग फुटबल प्रतियोगितामा फाइनल प्रवेशका लागि समूह 'ख'बाट सिन्धुली जिल्लाको ब्लु अल्पाइन क्लब र दोलखाको टाइगर टिम तिखाताल बीच प्रतिस्पर्धामा दोलखाले फाइनलको यात्रा तय गरेको हो । बुधबार भएको पहिलो सेमिफाइनलमा दोलखाले सिन्धुलीलाई २-१ गोल अन्तरले पाखा लगाउँदै फाइनल प्रवेश गरेको हो ।

दोलखाले बिहीबार हुने अन्तिम सेमिफाइनल खेलको विजेतासँग लिग उपाधीको लागि प्रतिस्पर्धा गर्नेछ । बिहीबार काठमाडौंको चित्लाङ फुटबल क्लब र ललितपुर फुटबल क्लबबीच सेमिफाइनलको प्रतिस्पर्धा हुनेछ । समूह चरणको खेलमा सिन्धुली, दोलखा, भक्तपुर र काठमाडौंले दुई खेलहरुमा जीत निकालेर सेमिफाइनलको यात्रा तय गरेका हुन् ।

लिगकम नकआउट प्रणालीमा सञ्चालन भएको प्रतियोगितामा ११ जिल्लाको लिग विजेता टिमहरुको सहभागिता रहेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) मा फुटबल क्लबहरु आवद्ध नभएका प्रतियोगितामा र सुवा र रामेछाप जिल्लाको क्लब सहभागी हुन नपाएको प्रदेश फुटबल संघले जनाएको छ ।

प्रतियोगितामा मकवानपुरको पदमपोखरी युथ क्लबसहित, काठमाडौंको चित्लाङ फुटबल क्लब, सिन्धुलीको ब्लु अल्पाइन क्लब, दोलखाको टाइगर टिम तिखालाल, धादिङको धुनिबेसी युवा समाज, नुवाकोटको बटार युथ क्लब, सिन्धुपाल्चोकको चौतारा स्पोर्टस् क्लब, चितवनको बिएफसी क्लब, ललितपुर र काभ्रेको माउण्ट एभरेष्ट फुटबल क्लबको सहभागिता रहेको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को मुख्य सहयोगमा सञ्चालन भएको प्रतियोगितामा प्रदेश खेलकुद विकास परिषद् बागमती र हेटौंडा उपमहानगर पालिकाको पनि सहयोग रहेको छ । यस वर्षको प्रदेश लिग फुटबल प्रतियोगिता हेटौंडामा आयोजना गरिएको हो भने गत वर्ष पहिलो संस्करणको प्रतियोगिता नुवाकोट जिल्लामा भएको थियो ।

खेलाडीहरुलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउन, खेलाडी उत्पादनमा जोड दिन, खेलाडीको विकासमा टेवा पुऱ्याउन, खेलको महत्वबारे बुझाउनका लागि प्रतियोगिता आयोजना गरिएको बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कार को व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल पुस २० गते शनिबार हुनेछ ।

डेंगुबारे जनहितमा जारी सन्देश

देशैभरी डेंगु रोगको प्रकोप फैलिएर माहामारीको रूप लिएको छ। सरूवा रोग तथा माहामारीबाट बच्नको लागि यस रोग सम्बन्धी जानकारी राखौ, महामारीबाट बच्नेको लागि सचेत बनौं ।

डेंगु रोगको सामान्य परिचय: यो डेंगु भाइरसबाट लाग्ने एक किसिमको कडा संक्रामक रोग हो। यो लाम्खुट्टेको टोकाईबाट सर्ने रोग हो । यो लामखुदटे पानीमा बस्ने भएकोले जमेको पानी नष्ट गर्दै र लामखुदटेको टोकाइबाट बच्नुपर्छ ।

डेंगुरोगको केहि प्रमुख लक्षणहरू :एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मांसपेशी, जोर्नीहरू दुख्ने, वाकवाकी लाग्ने वा बान्ता हुने र आफ्नो दैनिकी खानपान वा रूची नलाग्ने लक्ष्यण देखिएमा तुरून्त स्वास्थ्य संस्था वा अस्पताल जानु होस् ।

डेंगु रोगबाट बच्ने,रोकथामका उपायहरू :पुरा बाहुला भएको लुगा लागाउने, झुल भित्र मात्र सुत्ने, घर कार्यलय एवम सार्वजनिक ठाउँमा पानी जम्न नदिने, घरका ड्याल ढोकामा लामखुदेन छिर्न नदिन जालीको प्रयोग गर्ने, खाल्डाखुल्डी पुर्ने र खाने पानी वा ढल चुहिएको छ भने तत्काल मर्मत् गर्ने गमलाको प्लेट, फूल दानी कुलर आदिको पानी कम्तिमा हप्तामा एक पटक फेर्ने पानी जम्मा गर्ने भाँडोलाइ लामखुटे छिर्न नसक्ने गरि छोप्ने गरौ ।

सुकराम केसी अध्यक्ष
९ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर

वायोमेट्रिक गराउने बारे सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

जुना दाहाल अध्यक्ष
११ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका, मकवानपुर

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ पुस १८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

जनप्रतिनिधिलाई परिणाम आउने गरी काम गर्न नेता थापाको निर्देशन



○ सहीखबर संवाददाता

मकवानपुर । नेपाली काँग्रस मकवानपुरले ४८ औं मेलमिलाप तथा राष्ट्रिय एकता दिवस मनाएको छ । उक्त दिवसको अवसरमा मंगलबार कांग्रेस मकवानपुरले हेटौंडामा आयोजना गरेको कार्यक्रमलाई महामन्त्री गगन थापाले सम्बोधन गरेका छन् ।

महामन्त्री थापाले नेपाली कांग्रेसका सबै तहका जनप्रतिनिधिले परिणाम आउनेगरी काम गर्नुपर्ने बताए । उनले जनताले २०७९ सालको निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाएको बताउँदै काम गरेर देखाउने समय ३ वर्ष बाँकी रहेकोले हामीले काम गरेर देखाउनु पर्ने बताए ।'२०८४ सालको निर्वाचनमा पार्टीको घोषणापत्र मात्रै होइन अहिले गरेका कामको परिणामपत्र लिएर जनतामाझ जानुपर्छ ' थापाले भने । 'वर्तमान सरकार ठिक्दैन भनेर हल्ला चलाइएको छ' उनले भने 'काँग्रेस एमालेको अहिलेको सरकार तीन वर्षसम्म निरन्तर रहन्छ ।'

यसैगरी थापाले पार्टीको महाधिवेशन समयमै हुने दाबी समेत गरेका छन् । 'प्रतिबन्धित समयमा समेत महाधिवेशन गरेको पार्टीले समयमै महाधिवेशन गर्छ' उनले भने । उनले पार्टी विधानअनुसार महाधिवेशन समयमै हुनेमा ढुक्क हुन समेत आग्रह गरे । 'ढुक्क हुनुहोस् ।

महाधिवेशन हुन्छ कि हुँदैन भनेर रूवाबासी गर्न जरूरी छैन' उनले भने । 'नेतृत्वको विषयमा महाधिवेशनको समयमै सोचौंला । अहिले २०८१ मा छौं, काम गर्ने हो २०८४ को चुनावको चिन्ता गर्ने होइन,' उनले भने ।

यसैगरी नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले एमाले कांग्रेस गठबन्धनको सरकार बलियो जगमा उभिएको बाताउँदै करौको पद जोगाउन अहिलेको गठबन्धन नगरिएको जानकारी दिए ।

सुशासन, विकास र समृद्धिका लागि वर्तमान गठबन्धनको सरकार बनेको उनको भनाई थियो । सरकार जिम्मेवार, जवाफदेही बनेर युवा पलायन रोक्न, रोजगारी सृजना, उत्पादन र उत्पादकत्व बढाउने विषयमा काम गर्नुपर्ने उनले बताए ।

'वर्तमान सरकारले नराम्रो नगरेको तर, नागरिकमा आशा जगाउन पनि सकेको छैन' उनले भने । वर्तमान व्यवस्था जोगाउन एमाले कांग्रेसको गठबन्धन बनेको समेत उनले दावी गरे । 'नागरिकका लागि गणतन्त्र भन्दा राम्रो व्यवस्था अरू हुन सक्दैन' बानियाँले भने ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहन आचार्य, प्रतिमा गौतम, अजयबाबु शिवाकोटी पूर्व सभापति रघुरमण न्यौपाने, कांग्रेस क्षेत्र नम्बर १ का सभापति दामोदर खनाल, क्षेत्र नम्बर ३ (ख) का सभापति रन्जन कालाखेती, मनहरी गाउँपालिका सभापति प्रकाश वतौलालगायतले मन्तव्य राखेका थिए ।

पार्टी सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेसका पूर्व सभापतिहरू, पार्टीमा लामो समय योगदान गरेका नेताहरूलगायत गरी करिब ३० जनालाई सम्मान गरिएको थियो ।

यस्तै कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेकाहरूलाई स्वागत गरिएको थियो ।

वायोमेट्रिक गराउने सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१५ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

जुना दाहाल अध्यक्ष

११ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- ☞ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ☞ आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- ☞ नागरिक बडापत्रको प्रयोग गरौं,
- ☞ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- ☞ सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- ☞ सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ☞ जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- ☞ सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- ☞ अनियमितता र भ्रष्ट्राचार बिरूद्ध उजुरी गरौं,
- ☞ सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

सुनिल मोक्तान अध्यक्ष

१५ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

रैथाने उत्पादन प्रवर्द्धन गर्न गाउँगाउँमा हाट बजार

○सहीखबर संवाददाता

मकवानपुर। स्थानीय क्षेत्रको उत्पादनलाई बढाउन किसानलाई प्रेरणा दिनको लागि मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाले महिनामा ३ पटक हाट बजार शुरू गरेको छ ।

राक्सिराङ ५, चैनपुरस्थित हाटबजार स्थलमा गाउँपालिकाले हरेक महिनाको १ र १५ गते महिनामा ३ दिन संचालन गर्ने हाट बजारको सोमबार शुभारम्भ गरिएको हो ।

उद्घाटन कार्यक्रममा चेपाङ जातिको पहिचान झल्काउने नाच, गान तथा नाटकहरू समेत प्रस्तुत गरिएको थियो। हाट बजारमा मास, गहत, रायोको साग, मुला, सुन्तला, च्याउ, केरा, जंगली कन्दमूलहरू गि□ा, म्याकुर, तरूल, बाँसबाट बनेका सामग्रीहरू चिउरीको मह, तरूल,मरयाङ, भटमास, गोलभेँडा, काउली, गुन्द्रूक, आरनबाट उत्पादित फलामे औजारसहितका उत्पादनको बिक्रीका लागि राखिएका थिए ।

स्थानीय संस्कृती र रैथाने बालीको संरक्षणका लागि हाट बजार सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए। 'हामीले स्थानीयलाई आयआर्जनमा जोड्न र यहाँको संस्कृति संरक्षणका लागि हाट बजार सञ्चालन गर्ने निर्णय गरेका हौं' उनले भने, 'सोही अनुसार सञ्चालन गरिरहेका छौं। यसको जिम्मा प्रत्येक वडालाई दिएका छौं।' हाट बजारमा उत्कृष्ट हुने वडालाई पुरष्कृत गर्ने योजना रहेको उनले बताए । अघिल्लो बर्ष उत्कृष्ट भएका वडालाई यो बर्षको उद्घाटन समारोहमा पुरस्कृत समेत गरिएको थियो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा १) पटक हाटबजार आयोजना गर्ने योजना बनाएको छ। अध्यक्ष मल्लका अनुसार हाटबजारलाई अब नितान्त मौलिक उत्पादन, कला, साहित्यको चौतारीको रूपमा विकास गरिनेछ। उनले अब हरेक हाट बजारमा फरकफरक वडाले आफ्नो कला, साहित्य, संस्कृति प्रदर्शन गर्नेछन् भने प्रतियोगितात्मक रूपमा कार्यक्रमहरू गरिनेछन। अब हरेक हरेक महिनाको १ र १५ गते १५ दिनको फरकमा हाट बजार लाग्नेछ।

बागमती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठले हाट बजारको उद्घाटन गरेका थिए । हाट बजार उद्घाटन गर्दै उनले पिछडिएको भूगोल, समुदाय तथा क्षेत्रको विकासको उत्थानका लागि बागमती प्रदेश सरकारले काम गर्ने बताए । उनले स्थानीय कृषि उत्पादन वृद्धि गरी आर्थिक अवस्था सुधार गर्न सके समृद्धिको यात्रा पुरा हुने बताए ।

वायोमेट्रिक गराउने सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१६ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका

उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

१८ न वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

सार्वजनिक सेवा लिदा ध्यान दिऔं

- ☞ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ☞ आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- ☞ नागरिक बडापत्रको प्रयोग गरौं,
- ☞ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- ☞ सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- ☞ सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ☞ जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- ☞ सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- ☞ अनियमितता र भ्रष्ट्राचार बिरूद्ध उजुरी गरौं,
- ☞ सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

वायोमेट्रिक अनिवार्य गराउने बारे जरुरी सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अध्यक्ष दमोदर गौतम

७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर